बैठक संख्याः ९

श्री

आज मिति २०८० साल फाल्गुन १४ गते दिउसो १२:०० वजे नगर प्रमुख श्री शम्भुलाल श्रेष्ठज्यूको अध्यक्षतामा बसेको नगर कार्यपालिकाको बैठकमा उपस्थिति तथा भएका निर्णयहरु यस प्रकार छ ।

उपस्थिति

| क्र.सं. | दस्तखत | नाम थर | पद |
|---|---|---|---|
| १. | | श्री शम्भुलाल श्रेष्ठ, प्रमुख | प्रमुख |
| २. | | श्री रुद्र प्रकाश उपाध्याय, उप-प्रमुख | उप-प्रमुख |
| ३. | | श्री प्रकाश खनाल, प्रमुख प्रशासकीय अधिकृत | सचिव |
| ४. | | श्री सन्त बहादुर गाहा, प्रवक्ता | सदस्य |
| ५. | | श्री सन्दिप सापकोटा, वडाध्यक्ष, वडा नं. १ | सदस्य |
| ६. | | श्री गणेश बहादुर क्षेत्री, वडाध्यक्ष, वडा नं. २ | सदस्य |
| ७. | | श्री प्रकाश चन्द्र अधिकारी, वडाध्यक्ष, वडा नं. ३ | सदस्य |
| ८. | | श्री बेधविना तिवारी, वडाध्यक्ष, वडा नं. ४ | सदस्य |
| ९. | | श्री विमला गुरुङ्ग, वडाध्यक्ष, वडा नं. ५ | सदस्य |
| १०. | | श्री रोहीत थारु, वडाध्यक्ष, वडा नं. ६ | सदस्य |
| ११. | | श्री धुर्व थारु, वडाध्यक्ष, वडा नं. ७ | सदस्य |
| १२. | | श्री कविराज आचार्य, वडाध्यक्ष, वडा नं. ८ | सदस्य |
| १३. | | श्री चन्द्रकान्त चापागाई, वडाध्यक्ष, वडा नं. ९ | सदस्य |
| १४. | | श्री राजु मिश्र, वडाध्यक्ष, वडा नं. १० | सदस्य |
| १५. | | श्री फणेन्द्र चौधरी, वडाध्यक्ष, वडा नं. ११ | सदस्य |

| | | | |
|---|---|---|---|
| १६. | [signature] | श्री उमाशंकर चौधरी, वडाध्यक्ष, वडा नं. १२ | सदस्य |
| १७. | [signature] | श्री नर बहादुर चौधरी, वडाध्यक्ष, वडा नं. १३ | सदस्य |
| १८. | [signature] | श्री रुद्र बहादुर आले, वडाध्यक्ष, वडा नं. १५ | सदस्य |
| १९. | [signature] | श्री भिमकाजी गुरुङ्ग, वडाध्यक्ष, वडा नं. १६ | सदस्य |
| २०. | [signature] | श्री मन्जु चालिसे, कार्यपालिका सदस्य | सदस्य |
| २१. | सुमित्रा | श्री सुमित्रा ढकाल, कार्यपालिका सदस्य | सदस्य |
| २२. | [signature] | श्री रिता ढुँगाना, कार्यपालिका सदस्य | सदस्य |
| २३. | | श्री जानकी न्यौपाने, कार्यपालिका सदस्य | सदस्य |
| २४. | [signature] | श्री रिता कुमारी सुनार, कार्यपालिका सदस्य | सदस्य |
| २५. | [signature] | श्री प्रेम बहादुर भुजेल, कार्यपालिका सदस्य | सदस्य |
| २६. | [signature] | श्री गोविन्द विश्वकर्मा, कार्यपालिका सदस्य | सदस्य |
| २७. | [signature] | श्री बुद्धेराम वि.क., कार्यपालिका सदस्य | सदस्य |
| | | व्यवस्थापन टोलि | |
| २८. | [signature] | कृष्णबहादुर थापा क्षेत्री, अधिकृत छैठौं | |

प्रस्तावहरु :

१. आ.व २०८०/०८१ मा प्रदेश सरकारको विशेष अनुदानबाट सञ्चालन गरिने योजना छनौट सम्बन्धमा ।

२. नगर यातायात गुरुयोजना (MTMP) सम्बन्धमा ।

३. "नगरप्रमुख छात्रवृत्ति कोष (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८० "सम्बन्धमा

४. "बर्दघाट नगरपालिका विद्यालय सुपरिवेक्षण, अनुगमन तथा शिक्षक पेसागत सहयोग कार्यविधि, २०८०" सम्बन्धमा ।

५. न्यायिक समितिको फैसला कार्यान्वयन सम्बन्धमा ।

६. स्थानीय पाठ्यक्रम संशोधन सम्बन्धमा ।

७. बजेट खर्च सम्बन्धमा ।

८. चालु आ.व. २०८०/०८१ को बजेट कार्यान्वयन सम्बन्धमा ।

९. विविध ।

क) स्थानीय विदा सम्बन्धमा ।

ख) नगर प्रमुख छात्रवृत्ति कोषमा रकम जम्मा गर्ने सम्बन्धमा ।

ग) रकम भुक्तानी सम्बन्धमा ।

निर्णय नं. १

- लुम्बिनी प्रदेश योजना आयोगको सचिवालय राप्ती उपत्यका (देउखुरी) नेपालबाट मिति २०८०/११/०८ मा प्रकाशित विशेष अनुदान तर्फ आगामी आर्थिक वर्ष २०८०/०८१ मा सञ्चालन गरिने योजनाहरुको विवरण प्रस्ताव सहित पठाउनु पर्ने प्रावधान वमोजिम यस नगरपालिकाको देहायका योजनाहरुलाई विशेष अनुदान प्राथमिकताका आधारमा माग गर्ने ।

(क) विशेष अनुदान माग गरिएको योजना (संघ)

| सि.नं | योजनाको नाम र सञ्चालन स्थल | योजना स्थल | अनुमानित लागत | कैफियत |
|---|---|---|---|---|
| १ | विपन्न-गरिव तथा पिछडीएका विभिन्न स्थानका वस्तीहरुमा खानेपानी पाइपलाइन जडान तथा विस्तार योजना | वडा नं १४ र १५ | | |

निर्णय नं. २

- यस नगरपालिकाको नगर यातायात गुरुयोजना (MTMP) निर्माण गर्नको लागि श्री आर. आई. डि. इन्जिनियर कन्सल्टेन्सी प्रा.लि. काठमाण्डौ संग सम्झौता भएकोमा उक्त संस्थाले तयार गरेको MTMP को ड्राफ्ट मस्यौदा प्रतिवेदन उपर छलफल गरि प्राविधिक पक्षहरुको अध्ययन, विश्लेषण र पुनरावलोकन गरि सिफारिस गर्न प्राविधिक समितिलाई जिम्मा दिने।

निर्णय नं. ३

- विद्येयक समितिबाट दफावार छलफल भई आएको "नगरप्रमुख छात्रवृत्ति कोष (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८० "स्वीकृत गर्ने ।

निर्णय नं. ४

- विधेयक समितिबाट दफावार छलफल भई आएको "बर्दघाट नगरपालिका विद्यालय सुपरिवेक्षण, अनुगमन तथा शिक्षक पेसागत सहयोग कार्यविधि, २०८०" स्वीकृत गर्ने ।

निर्णय नं. ५

- बर्दघाट नगरपालिकाको न्यायिक समितिबाट मिति २०८०/११/०८ मा निरुपण भएको जिल्ला नवलपरासी बर्दघाट नगरपालिका वडा नं ७ निवासी कृष्णकुमारी सारु र कृष्ण अधिकारीले कूलो तथा जग्गा विवाद सम्बन्धी पेश गरेको मुद्धामा न्यायिक समितिबाट न्यायिक निरुपण भएकोले उक्त निर्णय सम्बन्धित वडा कार्यालय समेतले तदारुकताका साथ कार्यान्वयन गर्ने ।

निर्णय नं. ६

- बर्दघाट नगरपालिकाद्वारा स्वीकृत भई कार्यान्वयमा रहेको स्थानीय विषयको पाठ्याक्रम, २०७७ "हाम्रो बर्दघाट" को अनुसूची (२) मा रहेको विद्यार्थी मूल्याङ्कन योजना तालिका अन्तर्गत खण्ड (ख) मा निर्णयात्मक (आवधिक) परीक्षा कक्षा ६-८ को तालिका अनुसार निर्माण हुने प्रश्नपत्रको पूर्णाङ्क ५० र सो परीक्षाको अवधि १ घण्टा ४८ मिनेट व्यवस्था रहेको छ। राष्ट्रिय पाठ्याक्रम प्रारुप, २०७६ का सिद्धान्त तथा मार्गदर्शनमा आधारित पाठ्यक्रम विकास केन्द्रद्वारा विकास गरिएको कक्षा ६-८ को विशिष्टिकरण तालिका अनुसार निर्माण हुने प्रश्नपत्रको पूर्णाङ्क ५० अङ्क, परीक्षाको अवधि २ घण्टा हुने व्यवस्था भएबमोजिम यस नगरपालिकाको स्थानीय पाठ्यक्रम "हाम्रो बर्दघाट" को अनुसूची (२) मा कक्षा ६-८ को निर्णयात्मक (आवधिक) परीक्षाको प्रश्नपत्र ५० पूर्णाङ्क, परीक्षाको अवधि २ घण्टा र अनसूची (३) बमोजिमको विधा/क्षेत्र क्रमअनुसार कक्षागत अनुमानित प्रश्न संख्या योजना तालिका तपसिलबमोजिम संशोधन गर्ने ।

| क्र. सं. | विधा /क्षेत्र | अति छोटो उत्तर आउने प्रश्न | | | छोटो उत्तर आउने प्रश्न | | | लामो उत्तर आउने प्रश्न | | | जम्मा प्रश्न सङ्ख्या | पुर्णाङ्क |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | प्रश्न सं. | अंक भार | जम्मा अंक | प्रश्न सं. | अंक भार | जम्मा अंक | प्रश्न सं. | अंक भार | जम्मा अंक | | |
| १ | बर्दघाट नगरपालिकाको परिचय | १ | १ | १ | | | | १ | ४ | ४ | २ | ५ |
| २ | प्राकृतिक स्रोत सम्पदा र वातावरण संरक्षण | २ | १ | २ | १ | २ | २ | १ | ४ | ४ | ४ | ८ |
| ३ | प्रकोप/विपत व्यवस्थापन | १ | १ | १ | १ | २ | २ | १ | ४ | ४ | ३ | ७ |
| ४ | धार्मिक ऐतिहासिक तथा पर्यटकीय स्थल | २ | १ | २ | | | | १ | ४ | ४ | ३ | ६ |
| ५ | स्थानीय भाषा, भेषभूषा, चाडपर्व र संस्कृती | १ | १ | १ | १ | २ | २ | १ | ४ | ४ | ३ | ७ |
| ६ | स्थानीय पेशा, व्यवसाय, प्रविधि र उद्यमशीलता | १ | १ | १ | १ | २ | २ | १ | ४ | ४ | ३ | ७ |

क्रमशः...

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ७ | सामाजिक मूल्य मान्यता र असल संस्कार | १ | १ | १ | १ | २ | २ | १ | ४ | ४ | ३ | ७ |
| ८ | स्थानीय खेलकुद, योग र सन्तुलित भोजन | १ | १ | १ | १ | २ | २ | | | | २ | ३ |
| | जम्मा | १० | ८ | १० | ६ | १२ | १२ | ७ | २८ | २८ | २३ | ५० |

निर्णय नं. ७

क) चालु आर्थिक वर्षको वार्षिक नगर विकास कार्यक्रम (आ.व. २०८०/०८१) **दाह संस्कार स्थल निर्माण तथा मर्मत** शीर्षकमा (ब.सि.नं १८२) मा छुट्टाईएको बजेट रु १०,००,०००/- (रुपैया दश लाख मात्र) रकमबाट बर्दघाट नगरपालिका वडा नं २ चिसापानीमा निर्माण गर्ने ।

| सि.नं | योजनाको नाम | वडा नं | विनियोजन रकम रु | विद्यमान अवस्था | कै |
|---|---|---|---|---|---|
| १ | दाह संस्कार स्थल निर्माण तथा मर्मत | २ | १०००००.० | वडाको माग वमोजिम | |

ख) चालु आर्थिक वर्षको वार्षिक नगर विकास कार्यक्रम (आव २०८०/०८१) **विविध कार्यक्रम खर्च** शीर्षकमा (ब.सि.नं ९२) मा छुट्टाईएको बजेट रु ५,००,०००/- (रुपैया पाच लाख मात्र) रकमलाई नगर कार्यपालिकाको कार्यालयबाट बाँडफाँड भएको देहाय वमोजिम रकम अनुमोदन गर्ने ।

| सि.नं | योजनाको नाम | वडा नं | विनियोज़न रकम रु | विद्यमान अवस्था | कै |
|---|---|---|---|---|---|
| १ | ४२ औ मगर एकता दविस कार्यक्रम बर्दघाट नगर समिति | ४ | ७५,०००.० | मगर एकता दिवस मनाउने | |
| २ | मगर दिवसमा विविध साँस्कृतिक कार्यक्रम-२०८० | २ | २०,०००.० | वडा नं २ बाट वडा सदस्य दानबहादुर दर्लामीलाई सिफारिस भई आएको | |

ग) चालु आर्थिक वर्षको वार्षिक नगर विकास कार्यक्रम (आ.व. २०८०/०८१ खानेपानीको एक घर एक धारा अभियान अन्तर्गत पाइप लाइन विस्तार वडा नं १४, १५ र १६ शीर्षकमा (ब.सि.नं १६५) मा छुट्टाईएको बजेट रु २१,००,०००/- (रुपैया एकाइस लाख मात्र) रकमलाई देहाय बमोजिम बाँडफाँड गर्ने ।

| सि.नं | योजनाको नाम | वडा नं | विनियोजन रकम रु | विद्यमान अवस्था | कै |
|---|---|---|---|---|---|
| १. | खानेपानीको एक घर एक धारा अभियान अन्तर्गत पाइप लाइन विस्तार वडा नं १४ | १४ | ७,००,०००.० | खानेपानीको समस्या | |
| २. | खानेपानीको एक घर एक धारा अभियान अन्तर्गत पाइप लाइन विस्तार वडा नं १५ | १५ | ७,००,०००.० | खानेपानीको समस्या | |
| ३. | खानेपानीको एक घर एक धारा अभियान अन्तर्गत पाइप लाइन विस्तार वडा नं १६ | १६ | ७,००,०००.० | खानेपानीको समस्या | |

निर्णय नं. ८

नेपाल सरकार मन्त्रीपरिषदबाट मिति २०८०/१०/०९ मा भएको निर्णय अनुसार आ.व. २०८०/०८१ को पौष मसान्तसम्म भएको राजश्व संकलनको अवस्थाको अनुपातमा प्रदेश र स्थानीय तहमा तेस्रो किस्ता वित्तीय समानीकरण अनुदान हस्तान्तरण गर्दा वार्षिक विनियोजित वजेटको ५५.७३२५ (पचपन्न दशमलव सात तीन दुई पाच) प्रतिशतमा नवढ्ने गरी हस्तान्तरण गर्न तथा चौथो किस्ताको हकमा मिति २०८० साल चैत्र मसान्त सम्मको राजश्व संकलनको अवस्थाको आधारमा अनुदान हस्तान्तरण हुने भनि महालेखा नियन्त्रक कार्यालयको च.नं. १०६ मिति २०८०/१०/२६ मा परिपत्र भएवमोजिम यस नगरपालिकाको चालु आ.व. को बजेट रकममा ४४.२६७५ प्रतिशत रोक्का हुने भएकोले अर्को निर्णय नहुञ्जेल सम्म नगरस्तर र वडास्तरका कार्यक्रमगत (तालिम, गोष्ठी र सेमीनार जस्ता) तत्कालिन कार्यक्रमहरुमा छुट्टाईएको बजेटबाट नयाँ सम्झौता नगर्ने ~~भएकोले जानकारीको लागि अनुरोध छ~~ ।

निर्णय नं. ९ विविध

क) मगर समुदायले मनाउदै आएको मगर स्थापना दिवसको अवसरमा मिति २०८०/११/१५ गतेका दिन यस कार्यालयका अतिरिक्त मातहातका वडा कार्यालय, स्वास्थ्य संस्था, शैक्षिक संस्थाहरु एवं सम्पूर्ण संघ संस्था बन्द रहने गरी दिन-१ स्थानीय विदा दिने ।

ख) बर्दघाट नगरपालिकाको संचितकोषबाट सुविधा तथा तलव भत्ता खाने जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारीहरु र शिक्षक तथा विद्यालय कर्मचारीहरुले खाईपाई आएको पारिश्रमिकबाट एक दिन वरावरको पारिश्रमिक कट्टा गरी "नगरप्रमुख छात्रवृत्ति कोष "जम्मा गर्न अनुरोध गर्ने ।

ग) चालु आथिक वर्ष २०८०/०८१ को वार्षिक नगर विकास कार्यक्रम अनुसार (सि नं ६०३) मा विभिन्न साँस्कृतिक कार्यक्रम शिर्षकमा विनियोजन भएको रकम रु १,५०,०००/- (एक लाख पचास हजार) मध्ये रु ६०,०००/- (रुपैया साठी हजार) बाट नेपाल मगर संघ, बर्दघाट-१४ लाई माघी संक्रान्ती पर्व मगर साँस्कृतिक महोत्सव मनाउने कार्यक्रम सम्पन्न भएको भनि कार्य सम्पन्न प्रतिवेदन सहितको विलभराईमा सम्बन्धित वडा कार्यालयको च.नं. १२४० मिति २०८०/१०/२४ मा सिफारिस भई आएकोले उक्त रकम भुक्तानी दिने ।

घ) बर्दघाट नगरपालिकाको मूख्य व्यापारिक केन्द्र तथा पूर्व-पश्चिम लोकमार्गसँग दक्षिणतर्फ जोडिएको वडा नं ९ अन्तर्गत भुताहामा यस क्षेत्रका किसानहरुलाई पायक पर्ने गरी पशु सेवा केन्द्र निर्माण गर्न नगरपालिकाको सिमित स्रोत र साधनबाट मात्र सेवा केद्र निर्माण गर्न नसकिएकोले आर्थिक वर्ष २०८१/०८२ को वार्षिक कार्न्यक्रममा पशु सेवा केन्द्र निर्माण गर्न श्री कृषि तथा पशुपन्छी विकास मन्त्रालय सिंहदरवार काठमाण्डौमा भवन निर्माणको लागि रकम माग गर्ने ।